राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

# प्रेस नोट

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

२०७३ चैत्र १५ गते

## स्व. दयाराम परियारको ११ औं स्मृति दिवस मनाइयो

राष्ट्रिय मानव अधिकार आयोगको तत्कालिन जनकपुर सर्म्पक कार्यालयमा कार्यरत कर्मचारी स्व. दयाराम परियारको सुरक्षाकर्मीको गोली लागि मृत्यू भएको ११ औं स्मृति दिवसको सन्दर्भमा आयोगले आफ्नो वेवसाइटमा स्व. दयाराम परियारको छुट्टै Web Page सार्वजनिक लगायत विभिन्न कार्यक्रम गरेको छ । आयोगको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले स्व. परियारको नाममा तयार गरिएको Web Page सार्वजनिकीकरण गर्नुभएको हो ।

स्मृति दिवसको सन्दर्भमा आयोगका पदाधिकारी, कर्मचारी, दयाराम परियारका परिवार तथा उपस्थित सहभागीहरुद्वारा स्व. दयाराम परियारको तस्विरमा माल्यार्पण गर्नुका साथै परियारको सम्झनामा एक मिनेट मौन धारण समेत गरिएको थियो । आयोगका माननीय अध्यक्ष शर्माले यस वर्षको स्व. दयाराम परियार स्मृति मानव अधिकार सम्मान पाउने व्यक्तिहरुको नाम घोषणा गर्नुभएको थियो ।

छैटौं स्व. दयाराम परियार स्मृति मानव अधिकार सम्मान प्राप्त गर्ने व्यक्तित्वहरुमा दलित तथा भूमिहीन अधिकारको क्षेत्रमा क्रियाशील सिराहाका बलदेव राम र महिला, बालबालिका तथा असहाय अधिकारको क्षेत्रमा क्रियाशील उदयपुरकी नजबुल खान हुनुहुन्छ । उहाँहरुलाई आयोगको स्थापना दिवस २०७४ जेष्ठ १३ गते सम्मानित गरिनेछ । आयोगका अध्यक्ष शर्माले घटनाको एघार वर्ष वितिसक्दा पनि सुरक्षा निकायको कार्यशैलीमा परिवर्तन आउन नसकेको तथा सरकारले दण्डहीनतालाई प्रश्रय दिएको धारणा राख्नुभएको थियो ।

स्मृति दिवसको सन्दर्भमा स्व. दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम स्मृति मानव अधिकार लेखन वृत्त, वृत्त चित्रको निर्माण लगायतका कार्यहरु गर्नुपर्ने सुझाव दिनुभएको थियो । कार्यक्रममा आयोगका सदस्यहरु सुदिप पाठक, मोहना अन्सारी, उपनिर्देशक यज्ञ प्रसाद अधिकारी, मानव अधिकार अधिकृत हरि प्रसाद ज्ञवाली, श्रद्धाञ्जली मन्तव्य राख्नुभएको थियो ।

.....................
मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org